सङ्केताङ्क नं.(Symbol No.): ...............

# प्याब्सन
## एसइई प्रि-बोर्ड परीक्षा-२०८२

पूर्णाङ्क : ७५

**विषय: अनिवार्य सामाजिक अध्ययन** समय : ३ घण्टा

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।*

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

### समूह- "क"

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. नेपाललाई किन विविधतामा एकता भएको देश भनिएको हो ? एक वाक्यमा स्पष्ट पार्नुहोस् ।

२. नेपालमा सङ्घीय व्यवस्था किन आवश्यक छ ? एक वाक्यमा आफ्नो विचार लेख्नुहोस् ।

३. नेपालमा समाज सुधारका क्षेत्रमा देखिएका कुनै दुई चुनौतीहरू लेख्नुहोस् ।

४. मानव बेचबिंखनविरुद्ध चेतना जगाउने एउटा आकर्षक नारा तयार पार्नुहोस् ।

५. नेपालमा राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना कहिले भएको हो ? वि.सं.मा पूरा मिति लेख्नुहोस् ।

६. भर्सेलिज सन्धि कसरी दोस्रो विश्वयुद्धको महत्त्वपूर्ण कारण बन्नं गयो ? एक वाक्यमा लेख्नुहोस् ।

७. तपाईंको प्रदेशमा पर्यटन प्रवर्धन गर्ने कुनै दुई उपाय लेख्नुहोस् ।

८. देशमा राजश्व वृद्धि गर्न सङ्घीय सरकारलाई कुनै एक सुझाव दिनुहोस् ।

९. नेपालको परराष्ट्र नीति अन्तर्गत पञ्चशीलको सिद्धान्त भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

१०. हामीले समसामयिक घटनाहरूको अध्ययन गर्न किन आवश्यक छ ? एक वाक्यमा लेख्नुहोस् ।

११. नेपालमा जनसङ्ख्याको असमान वितरणलाई घटाउन के गर्नुपर्ला ? एक वाक्यमा स्पष्ट पार्नुहोस् ।

## समूह- "ख"

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. नेपालको राष्ट्रिय गौरवका कुनै चारवटा आधारहरू लेखी कुनै एकको विशेषताहरू समेटेर छोटो टिप्पणी लेख्नुहोस् ।

१३. नेपाल सरकारले प्रयास गर्दागर्दै पनि देशको मानव विकासको अवस्था राम्रोसँग सुधार भएको देखिँदैन । नेपालको मानव विकासको अवस्था सुधार गर्ने कुनै चार उपायहरू लेख्नुहोस् ।

१४. 'हाम्रो सम्पदा, हाम्रो पहिचान' शीर्षकमा दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि एक सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

१५. 'लोकगीत, लोकबाजा र लोकनृत्यको संरक्षणमा स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण मानिन्छ' कारणसहित चार बुँदामा पुष्टि गर्नुहोस् ।

**अथवा**

राष्ट्रिय दिवसलाई सान्दर्भिक र अर्थपूर्ण बनाउन कुन कुन पक्षमा ध्यान दिनुपर्ला ? तपाईको विचारलाई चारवटा बुँदामा लेख्नुहोस् ।

१६. घरेलु हिंसाको परिचय दिँदै यसले समाजका विभिन्न क्षेत्रमा पार्ने कुनै तीन प्रभावहरू सङ्क्षेपमा मूल्याङ्कन गर्नुहोस् ।

१७. प्रजातान्त्रिक व्यवस्थामा न्यायपालिकालाई राज्यको महत्त्वपूर्ण अङ्ग मानिन्छ । न्यायपालिकाको गठन र यसका कुनै तीनवटा कार्यहरू छोटकरीमा उल्लेख गर्नुहोस् ।

१८. भू–मध्य सागरीय हावापानी र उष्ण मनसुनी हावापानी बिच कुनै चारवटा भिन्नता लेख्नुहोस् ।

१९. हाल विश्वव्यापीकरणका पक्ष र विपक्षमा दुईथरी विचारहरू देखिन्छन् । 'नेपालको सन्दर्भमा विश्वव्यापीकरण महत्त्वपूर्ण छ', भन्ने विषयवस्तु समेटेर एक वक्तृत्वको नमुना तयार पार्नुहोस् ।

२०. कुनै पनि परिवारले उचित प्रकारको पारिवारिक योजना बनाउन सकेमा त्यस परिवारको सुख, शान्ति र समृद्धिमा सकारात्मक प्रभाव पर्छ । उचित पारिवारिक योजना बनाउँदा ध्यान दिनुपर्ने कुनै चारवटा विषयवस्तुहरू समेटेर छोटकरीमा लेख्नुहोस् ।

## समूह- "ग"

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. नेपालको संविधान २०७२ अनुसार सरकारका अङ्गहरू बिचको शक्ति पृथकीकरण र शक्ति सन्तुलनको व्यवस्था सम्बन्धमा समीक्षा गर्नुहोस् । (१+६)

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई उपयुक्त सङ्केत प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् : (३+४=७)

क) गणेश हिमाल ख) बडीमालिका मन्दिर
ग) भिमदत्त पन्त राजमार्ग घ) कमला नदी

**अथवा**

दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपर्युक्त सङ्केत सहित निम्न तथ्यहरू भर्नुहोस् :

क) एन्डी पर्वत शृङ्खला ख) अमेजन
ग) पम्पास घाँसे मैदान घ) केपहर्न

**(दृष्टिविहीनहरूको लागि मात्र)**

दक्षिण अमेरिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक अवस्थाको बारेमा सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

२३. नेपालको इतिहासमा वि.सं.२००७ सालदेखि २०१७ सालसम्म चरम राजनीतिक सङ्क्रमणको अवधि थियो । सो अवधिमा नेपालको सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा भएका कुनै सातवटा घटनाक्रमहरू लेखी प्रत्येकको एक एक वटा प्रभावहरू लेख्नुहोस् । (७)

२४. विदेशमा बसोवास गर्दै आउनुभएका नेपाली साथीलाई नेपालमा नै ऊर्जा क्षेत्रको विकासको सम्भावना र यसले नेपालको आर्थिक विकासमा पुऱ्याउने महत्त्वपूर्ण योगदानको विषयवस्तु समेटेर एउटा चिठी लेख्नुहोस् । (७)